नेपाली राजदूतावास
नयाँ दिल्ली
EMBASSY OF NEPAL
New Delhi

# अनुरोध

१. यस राजदूतावासले कागज प्रमाणीकरण, भारतको विमानस्थल प्रयोग गरी **साउदी अरब, कतार, कुवेत, संयुक्त अरब ईमिरेट्स, ओमान, बहराइन, इराक, लिबिया र लेबनान** वा ती मुलुकहरू ट्रान्जिट बनाई तेस्रो मुलुक भ्रमण गर्दा भारतीय अध्यागमन सहजीकरणका लागि आवश्यक NOC (No Objection Certificate), भारतका अस्पतालमा अङ्ग प्रत्यारोपण गर्दा आवश्यक पर्ने NOC तथा प्रमाणीकरण लगायतका कन्सुलर सेवा सरल, सहज र छिटो छरितो रुपमा उपलब्ध गराउदै आएको छ । अवस्था हेरी उल्लेखित सेवाहरू कार्यालय समय अघि-पछि तथा सार्वजनिक विदाको दिनमा समेत प्रत्यक्ष रुपमा वा राजदूतावासको हटलाइन नं. +91 8929601925, whatsApp तथा ईमेल consularnepalembassy@gmail.com मार्फत प्राथमिकताका साथ राजदूतावासले उपलब्ध गराउदै आएको छ ।

२. पछिल्लो समय राजदूतावासबाट सहजै प्राप्त गर्न सकिने उल्लेखित सेवाहरूवारे सेवाग्राहीलाई दिग्भ्रमित गरी वा अवाञ्छित कार्य गर्ने मनसायले नक्कली लेटर प्याड, हस्ताक्षर र छाप प्रयोग गरी किर्ते कागजात तयार गरी विमानस्थल/अस्पताल लगायतका निकायहरूमा पेश गरेको गुनासो राजदूतावासमा प्राप्त हुन आएको छ ।

३. यसरी राजदूतावासको लेटर प्याड, हस्ताक्षर र छाप समेत अनधिकृत रुपमा प्रयोग भएको प्रति राजदूतावासको गम्भीर ध्यानाकर्षण भएको छ । यस्तो दण्डनीय अपराधमा संलग्नहरूलाई छिट्टै कानूनी दायरामा ल्याउन राजदूतावास क्रियाशील छ ।

४. तसर्थ, यस प्रकारको अवाञ्छित गतिविधि गर्नेहरूदेखि सावधान रहन तथा यस्तो दण्डनीय क्रियाकलापमा संलग्न नहुन सम्पूर्ण सेवाग्राही, दिदीवहिनी तथा दाजुभाइमा राजदूतावास हार्दिक अनुरोध गर्दछ ।

नेपाली राजदूतावास
नयाँ दिल्ली
मितिः २०७८ मंसिर २९ गते

Barakhamba Road, New Delhi-110001, India, Tel.: +91-11-23476200 / +91-11-23327361, Hotline : +91-8929601925
Website : in.nepalembassy.gov.np